# आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड
## केन्द्रीय कार्यालय, बुटवल-१०, रुपन्देही

### सातौं वार्षिक साधारणसभाको काम कारवाहीको विवरण र निर्णयहरु

**१. वैधानिक सभाः**

आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको २०७७ मंसीर २८ मा बसेको संचालक समितिको १०६औं बैठकको निर्णय अनुसार, कम्पनी ऐन २०६३ र आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.को नियमावलीको परिच्छेद ३ को दफा २३ बमोजिम बोलाईएको सातौं वार्षिक साधारणसभा वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी तपशील बमोजिमका प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरि समापन भयो ।

**२. सभा संचालन मिति, समय र स्थानः**

मिति : २०७७ साल पौष २४ गते शुक्रबार
समय : बिहानको ९:०० बजेदेखि ।
स्थान : एशियन होटल, कालिकानगर, बुटबल, रूपन्देहीबाट भर्चुअल माध्यम, जूम (Zoom) मार्फत ।

**३. सभाको सुचनाः**

वित्तीय संस्थाको सातौं वार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम प्रथम पटक मिति २०७७/०९/०१ गते र दोश्रो पटक मिति २०७७/०९/०५ गते "आर्थिक अभियान राष्ट्रिय दैनिक" मा छलफलका बिषय सुची, सभा हुने मिति, स्थान तथा माध्यम र समय सहितको सूचना प्रकाशित गरिएको थियो । साधारणसभाको सूचना प्रकाशित गर्दा नै, 'विश्वव्यापी रूपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरूको पालना गर्दै जूम (Zoom) प्रविधिको माध्यमबाट सभामा सहभागी हुने, मन्तव्य राख्ने तथा मतदान गर्न सक्ने व्यवस्था समेत मिलाइएको' तथा 'अनलाइन जूम (Zoom) माध्यमबाट उपस्थित हुने शेयरधनी महानुभावहरूलाई सभास्थलमा उपस्थित भए सरह मान्यता प्रदान गर्ने व्यवस्था गरिएको' भन्ने ब्यहोरा समेत उल्लेख गरिएको थियो । साथै वित्तीय संस्थाले साधारणसभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.को सातौं वार्षिक प्रतिवेदन शेयर सदस्यलाई पठाउनुको साथै वित्तीय संस्थाको वेभसाईट www.rsdcmf.com मा समेत राखिएको थियो ।

**४. उपस्थिति :**

**४.१ संचालकको उपस्थिति :**

| | |
|---|---|
| १. श्री राजेन्द्र प्रसाद दाहाल | अध्यक्ष |
| २. श्री चन्द्रराज शर्मा | संचालक |
| ३. श्री विष्णुप्रसाद पौड्याल | संचालक |
| ४. श्री हरिप्रसाद भट्टराई | संचालक |
| ५. श्री राजेन्द्र पन्त | संचालक |

| | |
|---|---|
| ६. श्री अमर डंगोल महर्जन | संचालक |
| ७. श्री डा. रमा बस्याल | संचालक |

**४.२ आमन्त्रित, पर्यवेक्षक एवं अन्य उपस्थितिः**

| | |
|---|---|
| १. श्री कल्पना ढकाल | प्रतिनिधिः एनआईसी एशिया क्यापिटल, काठमाण्डौ |

**४.३ व्यवस्थापन तथा अन्य कर्मचारीहरुः**

| | |
|---|---|
| १. श्री दामोदर जोशी | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| २. श्री राम प्रसाद पन्थी | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री अनन्त राज पन्त | प्रबन्धक |
| ४. श्री पारशमणी ज्ञवाली | सहायक प्रबन्धक |
| ५. श्री मिलन अधिकारी | सहायक प्रबन्धक |
| ६. श्री विन्दु न्यौपाने | कनिष्ठ अधिकृत |
| ७. श्री विवेक खनाल | कनिष्ठ अधिकृत |
| ८. श्री अजित प्रधान | बरिष्ठ सहायक |
| ९. श्री दीक्षा खनाल | सहायक |
| १०. श्री रीता आचार्य | सहायक |
| ११. श्री प्रेममाया थापा सिंजाली | कनिष्ठ सहायक |
| १२. श्री शिवप्रसाद घिमिरे | सञ्चार बाहक |
| १३. प्रेम बहादुर मुखिया | सवारी चालक |
| १४. श्री चुनकला भण्डारी | कार्यालय सहायक |

**४.४ शेयरधनिहरुको उपस्थितिः**

| | |
|---|---|
| शेयरधनीको स्वयम उपस्थिति संख्या | - २८ जना |
| प्रोक्सी मार्फत उपस्थिति | - १५५ |
| ZOOM प्रविधी मार्फत भर्चुयल उपस्थिति | - २९ |
| जम्मा शेयरको प्रतिनिधित्व | - ३९,०३,७५८ कित्ता |
| उपस्थिति प्रतिशत | - ५८.१३ |

## ५. साधारणसभामा प्रस्तुत छलफलका विषयहरु

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७६/७७ माथि छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा विभिन्न अनुसूचीहरूउपर छलफल गरी पारित गर्ने ।

३. आर्थिक वर्ष २०७७/७८ का लागि लेखा परीक्षक नियुक्त गर्ने (वर्तमान लेखा परीक्षक भट्ट एण्ड कम्पनीका लेखा परीक्षक सि.ए. यज्ञराज भट्ट पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) र निजको पारिश्रमिक तोक्ने ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० को ३.६३१५८ प्रतिशतले हुने रु.२,४३,८६,८७८।- (अक्षरेपी दुई करोड त्रिचालीस लाख छयासी हजार आठ सय अठहत्तर रुपैयाँ मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ समेत) पारित गर्ने ।

५. सर्वसाधारण शेयरधनी (समूह-ख) को तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० को ९ प्रतिशतले हुने रु.६,०४,३७,०४५।- (अक्षरेपी छ करोड चार लाख सैंतीस हजार पैंतालीस रुपैयाँ मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० बाट वृद्धि गरी जारी पूँजी तथा चुक्ता पूँजी रु.७३ करोड १९ लाख ५९ हजार ७६५ पुऱ्याउने ।

३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

४. प्रस्तावित संशोधनहरू गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृतपश्चात् प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

५. वित्तीय संस्था अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने तथा प्राप्तिको संभावनाको अध्ययन गरी आवश्यकता बमोजिम प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

## ६. सभाको वैधानिकता र अध्यक्षताः

कम्पनी ऐन २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिमको प्रकृया पुरा गरि यो सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारणसभाको गणपुरक संख्या वांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरि कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना स्वयं वा प्रोक्सी मार्फत उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा साधारणसभामा राखिएको उपस्थिति पुस्तिका बमोजिम शेयर सदस्यको स्वयम उपस्थिति संख्या २८ जना, प्रोक्सि मार्फत उपस्थिती १५५ जना र भर्चुअल माध्यम जूम (ZOOM) मार्फत उपस्थिती २९ जना गरि जम्मा २१२ जनाको उपस्थिती भएको र यसले कुल ३९,०३,७५८ कित्ता शेयरको प्रतिनिधित्व हुने गरि कुल शेयर संख्याको ५८.१३ प्रतिशत शेयरको प्रतिनिधित्व भई साधारणसभाको गणपुरक संख्या पुगेको, साथै प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएकोले रितपूर्वक सातौं वार्षिक साधारणसभाको काम कारवाही अघि बढाउन सकिने ब्यहोरा कम्पनी सचिव श्री दामोदर जोशीले सभामा जानकारी गराउनु भयो ।

कम्पनी ऐन तथा आरएसडिसी लघुवित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रावधान पुरा भएकोले वित्तीय संस्थाको सातौं वार्षिक साधारणसभाको अध्यक्षता नियमानुसार संचालक समितिका अध्यक्षले गर्नुपर्ने व्यवस्था बमोजिम कम्पनी सचिव दामोदर जोशीले श्री राजेन्द्र प्रसाद दाहाललाई सातौं वार्षिक साधारणसभाको अध्यक्षताको आसन ग्रहण गराउनुको साथै क्रमशः सम्पुर्ण संचालक तथा अन्य उपस्थित आमन्त्रित व्यक्तिहरु र शेयरधनी महानुभावहरुलाई स्वागत तथा अभिवादन गर्दै आसन ग्रहण गराउनु भयो । अध्यक्षबाट पानसमा बत्ती वालेर साधारणसभाको उद्घाटन गर्दै विधिवतः प्रकृया शुरु गरियो ।

## ७. अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतबाट वार्षिक प्रतिवेदन प्रस्तुतः

सम्पूर्ण उपस्थित महानुभावहरुलाई वित्तीय संस्थाको सातौं वार्षिक साधारणसभामा स्वागत गर्दै कम्पनी सचिव दामोदर जोशीले संचालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अध्यक्षलाई आग्रह गर्नु भयो । संचालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले आरएसडिसी लघुवित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन सभामा वाचन गरि प्रस्तुत गर्नुभयो । वार्षिक साधारणसभामा कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृतबाट धितोपत्र दर्ता तथा नियमावली २०७३ को नियम २६ को उपनियम २ संग सम्बन्धित (

अनुसुची-१५) वार्षिक प्रतिवेदनमा प्रमुख कार्यकारी अधिकृतको उद्घोष र संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा २० को उपदफा ४ बमोजिमको प्रमाणित सारांश विवरण सम्मानित सभामा प्रस्तुत गर्नुभयो । यो साधारणसभा एशियन होटल, कालिकानगर, बुटबल, रूपन्देहीबाट भर्चुअल माध्यम, जूम (Zoom) मार्फत गरिएकोले, ZOOM मार्फत सहभागी भएका शेयरधनीहरुले प्रत्यक्षरुपमा उक्त कार्यक्रममा सहभागी हुन तथा जिज्ञाशा राख्न सक्ने व्यवस्था मिलाईएको थियो ।

## ८. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु :

संचालक समितिको तर्फबाट अध्यक्ष तथा कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृतबाट वार्षिक प्रतिवेदन प्रस्तुत गरे पश्चात कम्पनी सचिवबाट उल्लेखित प्रतिवेदनहरु तथा आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा विभिन्न अनुसूचीहरूको साथै वित्तीय संस्थाको समग्र गतिविधीहरु उपर जिज्ञासा, टिप्पणी र सुझावको लागि शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो । उक्त आव्हान पश्चात् शेयरधनी महानुभावहरुले देहाय बमोजिमको जिज्ञासा, टिप्पणी तथा सुझावहरु उपलब्ध गराउनु भयो ।

<u>श्री गमला जि.सि. (जूम मार्फत)</u>
वित्तीय संस्थाका संस्थापक शेयरधनी श्री गमला जि.सि.ले अन्य लघुवित्त वित्तीय संस्थाको तुलनामा यस वित्तीय संस्थाको लाभांस कम भएको बारे जिज्ञासा राख्नु भयो ।

<u>डा. चन्द्र पोखरेल (जूम मार्फत)</u>
वित्तीय संस्थाका संस्थापक शेयरधनी डा. चन्द्र पोखरेलले समग्रमा अध्यक्षज्यूको प्रतिबेदन सन्तोषजनक रहेको, बिश्वब्यापी महामारी तथा लकडाउनका बावजुद वित्तीय संस्थाले गरेको प्रगती सन्तोषजनक तथा सकारात्मक रहेको र समग्र अर्थतन्त्रनै प्रभावित भएको कठिन परिस्थितीमा वित्तीय संस्थाले प्रदान गरेको लाभांस सन्तोषजनक रहेको बताउदै, आगामी दिनमा लकडाउन तथा कोरोनाले पारेको प्रभाव न्यूनिकरण गर्ने सम्बन्धमा वित्तीय संस्थाको योजना तथा तयारी बारे जिज्ञासा राख्नु भयो ।

<u>डा. कृष्ण अधिकारी (जूम मार्फत)</u>
वित्तीय संस्थाका संस्थापक शेयरधनी डा. कृष्ण अधिकारीले वित्तीय संस्थालाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्ने सबैलाई धन्यवाद दिँदै, सम सामयिक परिस्थितीमा प्रस्तावित लाभांस सन्तोषजनक रहेको तथा आगामी दिनमा अझ बढि प्रतिफल प्रदान गर्ने आशा ब्यक्त गर्नुभयो । वित्तीय संस्थाको ब्याजदर अन्तर कम रहेकोले उचित प्रतिफल प्रदान गर्नको लागि ब्यवसाय विस्तार गर्नुपर्ने र कोरोनाले पारेको प्रभाव न्यूनिकरण गर्दै आगामी दिनमा वित्तीय संस्थाको ब्यावसाय विस्तार गर्नको लागि वित्तीय संस्थाले के कस्तो योजना बनाएको छ र वित्तीय संस्थाका कृयाकलापबाट विपन्न वर्ग तथा लाभग्राही परिवारमा पारेको प्रभावको अध्ययन गर्नुपर्ने जिज्ञासा तथा सुझाव राख्नु भयो ।

## ९. शेयरधनि महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको प्रत्युत्तर

वित्तीय संस्थाको सातौं वार्षिक साधारणसभामा उल्लेखित जिज्ञासा, टिप्पणी तथा सुझावहरुको जवाफ दिनको लागि सभाका अध्यक्षबाट गरिएको निर्देशन बमोजिम कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत दामोदर जोशीले शेयरधनी महानुभावहरुले दिनु भएको सुझाव, हौसला तथा सकरात्मक प्रतिकृयाले संस्थालाई अगाडि बढाउन थप प्रेरणा मिलेको बताउनु भयो । जिज्ञासा, टिप्पणी तथा प्रश्नहरुको जवाफ दिने क्रममा प्रमुख कार्यकारी अधिकृतले वित्तीय संस्थाले संचालनको

तेश्रो वर्षबाट शेयरधनी महानुभावहरुलाई निरन्तर दोहोरो अंकको प्रतिफल प्रदान गर्दै आईरहेको तथा यस वर्ष पनि कोरोना महामारी तथा लकडाउनका बावजुद जम्मा १२.६३ प्रतिशत लाभांस प्रदान गर्नु सन्तोषजनक रहेको बताउनु भयो । वित्तीय संस्थाले प्रदान गरेको लाभांस समान प्रकृतीका अन्य प्रतिस्पर्धि संस्थाहरुको तुलनामा सन्तोषजनक रहेको र आगामी दिनमा समेत लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनको लागि प्रतिबद्ध रहेको जानकारी गराउनु भयो । वित्तीय संस्थाको लाभांस प्रदान गर्न सक्ने क्षमता कोरोना तथा लकडाउन र नियामक निकायको निर्देशनले समेत प्रभावित भएको जानकारी दिनुभयो । त्यस्तै कोरोनाले अर्थतन्त्रका समग्र अवयवहरुमा पारेको प्रभावहरु मध्ये केहि तत्कालै देखिने र केहि प्रभावहरु दिर्घकालमा देखिने भएकोले, वित्तीय संस्थाले हालसम्म जानकारीमा आएका प्रभावहरु न्यूनिकरणको लागि कार्य गरिरहेको र दिर्घकालमा पर्नसक्ने प्रभावहरुको पुर्वानुमान गरि सोहि अनुरुप तयारी गरिरहेको जानकारी दिनुभयो । कोरोना तथा लकडाउनले वित्तीय संस्थामा पारेको र पार्नसक्ने प्रभावप्रति व्यवस्थापन समुह सजग रहेको र सो सम्बन्धमा आवश्यक तयारी तथा कार्य गरिरहेको समेत बताउनुभयो । कोरोनाले गर्दा वित्तीय संस्थाको कर्जा लगानी र असुली प्रभावित भएको, तरलता व्यवस्थापनमा कठिनाई उत्पन्न भएको र बजारमा प्रतिश्पर्धा बढेर गएको भएतापनि, वित्तीय संस्थाले व्यवसाय विस्तार गर्न तथा कर्जाको गुणस्तर कायम राख्न प्रयत्नशील रहेको जानकारी गराउनुभयो । त्यस्तै, हाल कोरोनाको प्रभाव क्रमश कम हुदै गई व्यवसायहरु पुन सुचारु हुने क्रममा रहेकोले आगामी दिनमा कर्जाको मागमा बृद्धि हुने अपेक्षा गर्दै आगामी दिनमा पनि वित्तीय संस्था न्यायोचित प्रतिफल प्रदान गर्न समर्थ हुने विश्वास समेत दिलाउनुभयो । शेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझावहरुको उचित कार्यान्वयन गरिने जानकारी गराउदै कम्पनी सचिवले साधारणसभाका प्रस्तावहरु क्रमशः निर्णयार्थ सभामा प्रस्तुत गर्नु भयो ।

## १०. साधारणसभाको निर्णयहरु

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७६/७७ माथि छलफल गरी पारित गर्ने ।

सामान्य प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. १ सभामा निर्णयार्थ प्रस्तुत हुँदा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्र प्रसाद दाहालले सभामा प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आर्थिक वर्ष २०७६/७७ को बार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष २०७६/७७ को लेखा परीक्षकको प्रतिवेदनसहितको वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा विभिन्न अनुसूचीहरूउपर छलफल गरी पारित गर्ने ।

सामान्य प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. २ सभामा निर्णयार्थ प्रस्तुत हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तसम्मको वासलात, आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाव, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. आर्थिक वर्ष २०७७/७८ का लागि लेखा परीक्षक नियुक्त गर्ने (वर्तमान लेखा परीक्षक भट्ट एण्ड कम्पनीका लेखा परीक्षक सि.ए. यज्ञराज भट्ट पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) र निजको पारिश्रमिक तोक्ने ।

सामान्य प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. ३ सभामा निर्णयार्थ प्रस्तुत हुँदा आर्थिक बर्ष २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा लेखापरीक्षण समितिको सिफारिस सहितको प्रस्ताव सभामा प्रस्तुत गरिएंकोमा सभाबाट श्री भट्ट एण्ड कम्पनीका चार्टर्ड

एकाउन्टेन्ट श्री यज्ञराज भट्टलाई रु.१,५०,०००/-(अक्षरेपी एक लाख पचास हजार रुपैयाँ मात्र) भ्याट वाहेक पारिश्रमिक प्रदान गर्ने गरी लेखा परिक्षकबाट प्रमाणित गर्नुपर्ने विभिन्न विवरण तथा अन्तिम लेखा परिक्षण प्रतिवेदन (नेपाल राष्ट्र बैंकबाट तोकिएको ढाँचा तथा नेपाल वित्तीय विवरण प्रतिवेदनमान बमोजिम) तयार गर्ने गरि आर्थिक वर्ष २०७७/७८ का लागि लेखापरीक्षकमा नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० को ३.६३१५८ प्रतिशतले हुने रु.२,४३,८६,८७८।- (अक्षरेपी दुई करोड त्रिचालीस लाख छयासी हजार आठ सय अठहत्तर रुपैयाँ मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ समेत) पारित गर्ने ।

   सामान्य प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. ४ सभामा निर्णयार्थ प्रस्तुत हुँदा सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० को ३.६३१५८ प्रतिशतले हुने रु.२,४३,८६,८७८।- (अक्षरेपी दुई करोड त्रिचालीस लाख छयासी हजार आठ सय अठहत्तर रुपैयाँ मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ समेत) पारित गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

५. सर्वसाधारण शेयरधनी (समूह-ख) को तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

   प्रस्ताव नं. ५ बमोजिम सर्वसाधारण शेयरधनी (समुह-ख) को तर्फवाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने प्रस्ताव अनुसार निर्वाचन अधिकृत श्री शेषनारायण भण्डारीज्यूले पूर्व प्रकाशित निर्वाचन कार्यतालिका अनुसार उम्मेदवार मनोनयन गर्ने जम्मा २ जना मात्र रहेकोले सोही अनुसार श्री अमर डंगोल महर्जन र श्री शान्ति प्रसाद उप्रेती निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।

**ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० को ९ प्रतिशतले हुने रु.६,०४,३७,०४५।- (अक्षरेपी छ करोड चार लाख सैंतीस हजार पैंतालीस रुपैयाँ मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

   विशेष प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. १ सभामा निर्णयार्थ प्रस्तुत हुँदा सञ्चालक समितिले प्रस्ताव गरेको चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० को ९ प्रतिशतले हुने रु.६,०४,३७,०४५।- (अक्षरेपी छ करोड चार लाख सैंतीस हजार पैंतालीस रुपैयाँ मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० बाट वृद्धि गरी जारी पूँजी तथा चुक्ता पूँजी रु.७३ करोड १९ लाख ५९ हजार ७६५ पुऱ्याउने ।

   विशेष प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. २ सभामा निर्णयार्थ प्रस्तुत हुँदा संचालक समितिले प्रस्ताव गरे अनुरुप वित्तीय संस्थाको हालको जारी पूँजी तथा चुक्ता पूँजी रु.६७ करोड, १५ लाख, २२ हजार ७२० बाट वृद्धि गरी जारी पूँजी तथा चुक्ता पूँजी रु.७३ करोड १९ लाख ५९ हजार ७६५ पुऱ्याउने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. २०७०

विशेष प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. ३ सभामा निर्णयार्थ प्रस्तुत हुँदा वित्तीय संस्थाको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन/परिमार्जन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रमा संशोधन :**

**दफा ६ (ख)** वित्तीय संस्थाको जारी शेयर पूँजी रु. ७३,१९,५९,७६५।- (त्रिहत्तर करोड उन्नाईस लाख उनान्साठी हजार सात सय पैसठ्ठी रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ७३,१९,५९७.६५ (त्रिहत्तर लाख उन्नाईस हजार पाँच सय सन्तानब्बे दशमलब छपाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**दफा ६ (ग)** वित्तीय संस्थाको चुक्ता पूँजी रु. ७३,१९,५९,७६५।- (त्रिहत्तर करोड उन्नाईस लाख उनान्साठी हजार सात सय पैसठ्ठी रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ७३,१९,५९७.६५ (त्रिहत्तर लाख उन्नाईस हजार पाँच सय सन्तानब्बे दशमलब छपाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

४. प्रस्तावित संशोधनहरू गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृतपश्चात् प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

विशेष प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. ४ सभामा निर्णयार्थ प्रस्तुत हुँदा साधारणसभाबाट पारित प्रबन्धपत्रको संशोधनमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायबाट प्राप्त निर्देशनलाई समेत समावेश गरेर संशोधित प्रबन्धपत्रलाई अन्तिम रुप दिन र साधारणसभाका निर्णय कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

५. वित्तीय संस्था अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने तथा प्राप्तिको संभावनाको अध्ययन गरी आवश्यकता बमोजिम प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

विशेष प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. ५ सभामा निर्णयार्थ प्रस्तुत हुँदा यस वित्तीय संस्था अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्तिको संभावनाको अध्ययन गरी आवश्यकता बमोजिम प्रक्रिया अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**ग) विविध :**

विविध विषयमा छलफलका लागि कुनै प्रस्ताव दर्ता नभएको कम्पनी सचिव मार्फत यस वार्षिक साधारणसभाले जानकारीमा लियो ।

**११. धन्यवाद ज्ञापन तथा सातौं वार्षिक साधारणसभाको समापन:**

विश्वव्यापी रूपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरूको पालना गर्दै भर्चुअल जूम (ZOOM) प्रविधिको माध्यमबाट गरिएको यस सभामा, उत्साहजनक उपस्थिती रहेको र सहभागीहरुले सकृयाता पुर्वक सभामा भाग लिई आफ्नो मन्तब्य तथा बिचार राख्नु भएको थियो । वित्तीय संस्थाको सातौं वार्षिक साधारणसभाको समापनको क्रममा अध्यक्षबाट सकारात्मक र सृजनात्मक प्रश्नहरुको लागि शेयरधनी महानुभावहरुलाई धन्यवाद दिँदै संस्थाहरुमा विभिन्न समस्या

तथा चुनौतीहरुको साथसाथै अवसरहरु समेत विद्यमान रहेको तथा सो सम्बन्धमा संचालक समिति तथा व्यवस्थापन सजग रहेको जानकारी गराउनु भयो ।

त्यस्तै समिक्षा अवधिको तेश्रो त्रैमासवाट शुरु भएको कोरोना महामारिले गर्दा, चौथो त्रैमासको करिब पुरा अवधि लकडाउन भएको र सो अवधिमा वित्तीय संस्थाले कुनै पनि महत्वपूर्ण गतिविधिहरु सञ्चालन गर्न नपाएकोले, वित्तीय संस्थाले प्राप्त गरेको उपलब्धि शेयरधनी महानुभावहरुको अपेक्षा अनुसार नभएपनि सन्तोषजनक रहेको जानकारी गराउनु भयो । यसका साथै करिब चार महिनासम्मको लकडाउन तथा कोरोना महामारी सृजीत कठिन परिस्थितीका कारण समग्र आर्थिक गतिविधिहरु प्रभावित भएकोले वित्तीय संस्थाको आगामी दिन अझ कठिन र संघर्षपूर्ण रहने भएतापनि सो को प्रभाव न्यूनीकरण गरि लगानीकर्ताहरुलाई यथोचित प्रतिफल प्रदान गर्न तथा समग्र संस्थागत विकास गर्नको लागि वित्तीय संस्थाको सञ्चालक समिति तथा समग्र व्यवस्थापन कटिबद्ध रहेको जानकारी समेत गराउनुभयो । त्यस्तै, वित्तीय संस्थाका सबै गतिविधीहरु नियमसंगत र पारदर्शी रहेको, नियामक निकायवाट प्राप्त सल्लाह, सुझावहरु समितिमा छलफल गरि कार्यान्वयन गरिने, मर्जर तथा प्राप्तीको सम्भावनाको अध्ययन गरि आवश्यक निर्णय लिईने र साधारणसभामा प्रस्तुत प्रस्तावहरु समय सान्दर्भिक रहेको बताउदै आगामी दिनमा संस्थाले अझ प्रगति गर्दै जाने कुरामा विश्वस्त हुन आग्रह गर्नु भयो । वित्तीय संस्थाको सातौं वार्षिक साधारणसभाका पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले अध्यक्षले वित्तीय संस्थाको सातौं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, विभिन्न नियमनकारी निकायहरु, लेखापरीक्षक, बैंक तथा वित्तीय संस्थाहरु, व्यवस्थापन तथा कर्मचारीहरु लगायत सवैलाई धन्यवाद ज्ञापन गर्नु भयो र औपचारिक रुपमा सातौं बार्षिक साधारणसभा समापन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ............................ | आरएसडिसी लघुवित वित्तीय संस्था लि. २०७० | ............................ |
| दामोदर जोशी | | राजेन्द्र प्रसाद दाहाल |
| कम्पनी सचिव | | अध्यक्ष |